
# प्रजनन् स्वास्थ्य समस्या र समाधानका उपायहरू



| | कारणहरू | रोकथामका उपायहरू | उपचार विधि |
|---|---|---|---|
| आङ्ग खस्नु वा पाठेघर खस्नु | • बच्चा जन्माउने बखतमा दक्ष प्राविधिकको सहयोग प्राप्त नहुनु<br>• वर्षेनि बच्चा जन्माउनु (छोराको आशामा)<br>• सानो उमेरमा विवाह हुनु र इच्छा विपरित यौनसम्पर्क राख्न बाध्य बनाइनु<br>• सुत्केरी अवस्थामा नै गह्रौं भरी उचाल्नु, टुक्रुक्क बसेर काम गर्न बाध्य हुनु<br>• गर्भवती सुत्केरी अवस्थामा पेटभरी खाना, आराम गर्न नपाउनु<br>• सुत्केरी गर्भवती अवस्थामा विभिन्न प्रक(ारका हिंसा खप्न बाध्य बनाइनु | • सबै गर्भवती र सुत्केरी महिलाहरूका लागि दक्ष प्राविधिकको सहयोग उपलब्ध गराउने<br>• २० वर्षपछि मात्र विवाह गर्ने, यौन सम्बन्ध राख्ने<br>• कम्तीमा २ वर्षको फरकमा मात्रै बच्चा जन्माउने, धेरै बच्चा जन्माउन बाध्य नगराउने<br>• गर्भवती र सुत्केरी अवस्थामा उपयुक्त खाना र आराम गर्न सक्ने वातावरण निर्माण गर्ने<br>• गर्भवती र सुत्केरी अवस्थामा नियमित जाँच र उचित सहयोग उपलब्ध गराउने<br>• सुत्केरी अवस्थामा गह्रौं भारी उचाल्न र काम गर्न नलगाउने<br>• घरेलु हिंसाको अन्त्य गर्ने | • सुत्केरी भएपछि पाठेघर र योनी वरिपरिका मांशपेशी बलियो बनाउने व्यायाम गर्ने<br>• उचित खानपान र आरामको व्यवस्था मिलाउने<br>• स्वास्थ्यकर्मीको सहयोग लिई अस्थाई सहयोगका लागि रिङ्ग पेसरी (रबरको चुरा बजारमा पाइन्छ) राख्ने, यस्तो रिङ्ग पेसरी ३–३ महिनामा फेर्ने<br>• यो समस्याको पूर्ण समाधान शल्यक्रियाद्वारा गर्नुपर्दछ त्यसैले उपयुक्त व्यवस्था मिलाई शल्यक्रियाका लागि स्वास्थ्य केन्द्रमा जाने |
| तल्लो पेटको संक्रमण | • असुरक्षित यौनसम्पर्क (कण्डमको प्रयोग विना) राख्न बाध्य हुनाले<br>• यौनाङ्गहरुको सरसफाइ राम्ररी नगर्नाले<br>• महिनावारी हुँदा सफा कपडा प्याड प्रयोग नगर्नाले<br>• कपर-टि जस्ता परिवार नियोजनको साधन राख्नेले नियमित परिक्षण नगर्नाले<br>• असुरक्षित गर्भपतन वा अन्य कुनै कारणले असुरक्षित तवरले पाठेघर सफा गर्नाले<br>• जवरजस्ती यौनसम्पर्क राख्नाले<br>• घरेलु हिंसा यौनिक हिंसाका कारण | • सुरक्षित यौनसर्म्पक राख्ने वातावरण निमार्ण गर्ने र सुरक्षित यौन सर्म्पक मात्र राख्ने<br>• सानै उमेरदेखि यौन शिक्षा प्रदान गराउने<br>• यौन स्वास्थ्य र सरसफाइको बारेमा ज्ञान दिने<br>• कपर-टि राखेका महिलाले नियमित स्वास्थ्य जाँच गराउने<br>• आवश्यकता भए मात्र सुरक्षित तवरले गर्भपतन गराउने<br>• आवश्यक भए मात्र सही दक्ष प्राविधिकसँग पाठेघर सफा गराउने<br>• महिनावारी हुँदा प्रयोग गर्ने कपडा राम्ररी साबुन पानीले धोएर, सफा पानीले पखालेर घाममा सुकाई मात्र फेरी प्रयोग गर्ने<br>• महिलाको शरीरमाथि महिलाको नियन्त्रण हुन्छ भन्ने मान्यतामा प्रवर्द्धन गर्ने<br>• घरेलु हिंसा, यौन हिंसा नियन्त्रण गर्ने, अपराधीलाई कारवाही<br>• जवरजस्ती यौनसर्म्पक राख्ने प्रथा अन्त्य गर्न जस्ता सूचना, शिक्षा प्रवाह गर्ने | • तल्लो पेट दुख्ने वा सामान्य भन्दा बढी सेतो पहेंलो गन्हाउने पानी आएमा तुरुन्तै स्वास्थ्यकर्मी कहाँ जचाउन जाने<br>• यौन जोडी दुवैले सँगै उपचार गर्ने<br>• उपचार गरुञ्जेल यौनम्पर्क नराख्ने, राख्नै परे कण्डमको प्रयोग गरेर मात्रै राख्ने<br>• चिकित्साकर्मीको सल्लाह अनुसार दुवै जनाले पूर्ण उपचार गर्ने<br>• चिकित्साकर्मीको राम्रो सल्लाह लिई कपर-टि राख्ने, पछि नियमित जाँच गराउने<br>• महिलाको शरीरमाथि महिलाको आफ्नै नियन्त्रण हुने खालको कानुनी व्यवस्था गर्ने<br>• यौन हिंसा गर्नेलाई उपयुक्त सजायको व्यवस्था तथा पीडितलाई पूर्ण सहयोगको व्यवस्था गर्ने |
| फिस्टुला: योनीबाट निरन्तर रुपमा पिसाब वा दिसा चुहिरहने समस्या | • १८ घण्टा भन्दा बढी प्रसव व्यथा लाग्नु र बच्चाको टाउको योनी मार्गमा धेरै बेरसम्म रही रहने स्थिति हुनु<br>• सुत्केरी हुँदा आवश्यक दक्ष प्राविधिकको सहयोग उपलब्ध नहुनु<br>• सानो उमेरमा बच्चा जन्माउनु<br>• विभिन्न खाले यौन हिंसाबाट पीडित हुनु<br>• पाठेघर खसेका महिलाको शल्यक्रिया राम्ररी नहुनु | • सबै महिलाले सुत्केरी हुँदा दक्ष प्राविधिकको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने<br>• सानै उमेरमा बच्चा जन्माउने प्रथाको अन्त्य गर्ने<br>• किशोरी अवस्थादेखि नै यौन तथा प्रजनन् स्वास्थ्यका साथै आफ्नो शरीरको बारे जानकारी दिने शिक्षा<br>• गर्भवती महिलाले कम्तीमा ४ पटक गर्भ जाँच सहज रूपले गर्न भन्ने वातावरण निर्माण गर्ने<br>• गर्भवती महिलाले उपयुक्त खाना पाउने व्यवस्था गर्ने<br>• सुत्केरी व्यथा लाग्ना साथ परिवारको सदस्यहरुले सहयोग गरी नजिकको स्वास्थ्य केन्द्रमा लैजाने । दक्ष प्राविधिकको सहयोग लिने<br>• पाठेघर खसेमा महिलाको शल्यक्रिया उचित तवरले गर्ने तथा नियमित अनुगमनको व्यवस्था गर्ने | • शल्यक्रियाद्वारा यसको पूर्ण रूपले उपचार गर्न सकिन्छ<br>• यस्तो समस्या देखिएमा महिलाहरुलाई तुरुन्त नजिकैको अस्पतालमा पठाउने । त्यहाँ डाक्टरले दिएको सल्लाह अनुरुप काम गर्ने<br>• परिवारमा सदस्यले माया तथा सहयोग गर्ने |

"प्रजनन् स्वास्थ्य भन्नाले प्रजनन् प्रणाली यसको कार्य र प्रजनन् प्रक्रियाको सन्दर्भमा निरोगी वा विरामी नहुनु मात्र नभई शारीरिक, मानसिक तथा सामाजिक रुपमा पूर्ण स्वस्थ्य रहनु हो । अर्थात प्रजनन् स्वास्थ्य भनेको सुरक्षित यौन जीवनयापन गर्न पाउँनु , सन्तान जन्माउन सक्षम हुनु, कहिले र कति सन्तान जन्माउने भन्ने कुराको निर्णय आफैले स्वतन्त्रपूर्वक गर्न पाउनु , महिलालाई प्रचलित कानून विपरित नहुने गरी आफनो मासिक चक्र अथवा प्रजननलाई नियमित गराउन सक्ने अधिकार प्राप्त हुनु , गर्भ निरोधका साधनहरूको पूर्ण जानकारी प्राप्त गर्ने तथा प्रभावकारी गर्भ निरोधका साधन स्वतन्त्र रुपले छनौट गर्ने अधिकार प्राप्त हुनु , महिलाका लागि सुरक्षित रुपमा प्रसूति हुने तथा स्वस्थ शिशु जन्माउनका लागि उपयुक्त स्वास्थ्य सेवाका सुविधा उपलब्ध हुनु हो । यसका साथै लैङिगक समानता, महिला सशक्तीकरण तथा मानिसको जीवनचक्रको प्रत्येक अवस्थामा उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुनु प्रजनन् स्वास्थ्य हो ।"

**प्रजनन् स्वास्थ्य सम्बन्धी निर्णय लिन पाउनु महिलाको आधारभूत मानव अधिकार हो ।**

**ओरेक नेपाल**
पोष्ट बक्स नं. : १३२३३, काठमाडौं, नेपाल
फोन : ०१ ५१८६०७३
वेवसाइट : www.worecnepal.org